भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

# भीमेश्वर नगरपालिका राजपत्र

**नगर कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड: ६ संख्या: ३ मिति: २०७९/०९/२९

**भाग-१**

## जलस्रोत ऐन, २०७९

प्रमाणीकरण मिति २०७९/०९/२९

**जलस्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :**

भीमेश्वर नगरपालिका भित्रको भू-सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोत लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची-८ मा सिंचाई, खानेपानी, साना जलविद्युत आयोजना बैकल्पिक उर्जा र जलाधार संरक्षण स्थानीय सरकारको अधिकारक्षेत्रभित्र रहेको र संघीय सरकारबाट जारी जलस्रोत ऐन २०४९ को २०७५ को संशोधनबाट दफा १० (क) मा प्रदेश तथा स्थानीय तहले जलस्रोतको उपयोग वा विकास गर्न कानुन बनाई कार्यान्वयन गर्न सक्ने उल्लेख गरिएको हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा (१) बमोजिम यो विधेयक तयार गरी नगर सभामा पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम "जलस्रोत ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन भीमेश्वर नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले भीमेश्वर नगरपालिकाबाट जारी गरिएको जलस्रोत ऐन, २०७९ लाई सम्झनुपर्छ ।

(ख) "जलस्रोत" भन्नाले भीमेश्वर नगरपालिका क्षेत्रभित्रको भू-सतहमा रहेको पानी सम्झनुपर्छ ।

(ग) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(घ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्ने दफा-८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) "व्यापक सार्वजनिक उपयोग" भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ ।

(ज) "समिति" भन्नाले भीमेश्वर नगरपालिकाभित्र जलस्रोतको व्यवस्थापन, संरक्षण सम्बर्द्धन, दीगो र लाभदायक उपयोग गर्न गराउनको लागि ऐनको दफा ९ अनुसार गठित जलस्रोत उपयोग व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(झ) "साना जलविद्युत" भन्नाले १००० कि.वा. सम्मको क्षमताका आयोजनाको उत्पादन तथा वितरणलाई जनाउँछ ।

(ञ) "सर्वेक्षण अनुमति-पत्र" भन्नाले विद्युत उत्पादन गर्नुपूर्व त्यस परियोजनाको अध्ययन, अनुसन्धानका लागि दिइने स्वीकृति पत्र भन्ने जनाउँछ ।

(ट) "अनुमति पत्र" भन्नाले जलस्रोत उपयोग तथा जल विद्युत उत्पादन गर्न दिने स्वीकृति भन्ने जनाउँछ ।

३. **जलस्रोत स्वामित्व** :- भीमेश्वर नगरपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नेपाल सरकार र भीमेश्वर नगरपालिकामा निहित रहने छ ।

४. **जलस्रोत उपयोग :**

(१) यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख भएता पनि परम्परादेखि उपयोग गर्दै आएको देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमती पत्र नलिन पनि सकिन्छ :-

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन र साना तथा घरेलु उद्योग सञ्चालन गर्न।

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

## ५. जल उपभोक्ता समिति दर्ता गर्न सक्ने :

(१) नेपालको संविधानको अनुसूचि-८ मा एकल अधिकारको सूचिमा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ट (१) र ध को अधिनमा रही नगरपालिका क्षेत्रभित्रका जल श्रोतको उपयोग गरी खानेपानी, सिंचाई तथा साना जल विद्युत आयोजनाको निर्माण गरी स्थानीय श्रोत र साधनको समुचित सदुपयोग गर्नको लागि भीमेश्वर नगरपालिकाले जल उपभोक्ता समिति दर्ता गर्न सक्नेछ । सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग, संरक्षण र विकास गर्न चाहने व्यक्तिहरु वा समूहले यस ऐनको मर्म अनुसार उक्त उपभोक्ता समिति गठन गरी काम गर्न सक्नेछन् । उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव कोषाध्यक्ष र सदस्य समेत गरी बढीमा ११ जनाको समिति रहन सक्नेछ । पदाधिकारीमा ३३ प्रतिशत महिलाको सहभागिता र सामाजिक समावेशितालाई ध्यान दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता समितिलाई नगरपालिकाको कार्यालयमा ऐनको दफा ७, ८, ९ को प्रकृया पुरा गरी उपभोक्ता समिति दर्ता गरी अनुसूची १ को ढाँचामा प्रमाण पत्र दिनु पर्ने छ ।

## ६. जल उपभोक्ता समिति दर्ता प्रकृया

(१) दफा ५ को उपदफा (१) बमोजिम जल उपभोक्ता समिति दर्ता गर्नको लागि जल उपभोक्ता समिति दर्ता गर्न ईच्छुक समूह वा जल उपभोक्ता समितिले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) खानेपानी, सिंचाई, साना जलविद्युत आयोजना निर्माण गर्दा सम्बन्धित वडाका अध्यक्ष वा सदस्यको उपस्थितिमा सो क्षेत्रका लाभान्वित घर परिवार र स्थानीय समुदायको भेलाबाट जल उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी, सिंचाई तथा साना जल विद्युत आयोजनाको संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनावाट लाभान्वित जनसंख्या, कार्य क्षेत्र, उद्देश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लगायतका विषयहरु समेटी अनुसूची -२ को ढाँचामा तीन प्रति विधान तयार गरी सम्बन्धित समितिवाट अनुमोदन गराउनु पर्दछ ।

(ग) खण्ड (क) बमोजिम गठन भएको जल उपभोक्ता समितिले खानेपानी, सिंचाई तथा साना जल विद्युत आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि-३ बमोजिमको ढाँचामा भएको व्यहोराहरु स्पष्ट खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

७. **सूचना जारी गर्ने :**

(१) दफा (६) खण्ड (ग) बमोजिम जल उपभोक्ता समिति दर्ता गर्नको लागि पेश भएका निवेदनका सम्बन्धमा आवश्यक जाँचबुँझ गरी उपयुक्त देखिएमा नगरकार्यपालिकाको कार्यालयले जलश्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए नभएको सम्बन्धमा अनुसूचि -४ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयावधी रहेको सूचना जारी गर्नु पर्दछ ।

(२) दफा ७ को उपदफा (१) बमोजिमको सूचनामा देहायको विषयहरु उल्लेख भएको हुनु पर्दछ ।

(१) जल उपभोक्ता समितिको नाम, ठेगाना

(२) जलश्रोतको उपयोग सम्बन्धि विवरण

(३) जलश्रोत रहेको स्थान तथा मुहान

(ख) उपदफा (१) मा उल्लेख भएको अनुसूचि -४ बमोजिमको सूचना नगरकार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालय टाँस गर्नु पर्नेछ । यसरी सम्बन्धित वडा कार्यालयमा सुचना टाँस गरिएको व्यहोरा सम्बन्धित वडा कार्यालयले नगरकार्यपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

८. **जल उपभोक्ता समिति दर्ताको लागि निवेदन दिंदा पेश गर्नु पर्ने कागजातहरु**

- अनुसूची -३ को ढाँचामा निवेदन
- अनुसूची -२ को ढाँचामा तयार गरिएको प्रमाणित विधान ३ प्रति
- जलस्रोतको मुहान प्रष्ट भएको नक्सा १ प्रति; व्यक्तिको लालपुर्जा भित्र भएको पानीको स्रोतको सम्बन्धमा सम्बन्धित जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, जग्गाधनीको नागरिकता प्रममाण पत्रको प्रतिलिपि ।
- सावजनिक वा वन क्षेत्रमा मुहान रहेमा सम्बन्धित वन उपभोक्ता समितिको निर्णयको प्रति र सिफारिस पत्र
- सम्बन्धित वडाको सिफारिस पत्र
- उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुको नागरिक्ता प्रमाण पत्रको छायाँ प्रति

९. **समितिको गठन :** नगरपालिकामा देहाय बमोजिमको जल उपयोग व्यवस्थापन समिति रहने छ ।

(क) नगरपालिकाको नगर प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाको उपप्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(च) वन वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

(छ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ज) नगरकार्यपालिकाबाट मनोनित जलस्रोत विज्ञ २ जना -सदस्य

(झ) नगरपालिकाको पुर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ञ) जलस्रोतको क्षेत्रमा काम गर्ने गरी तोकिएको कर्मचारी सदस्य सचिव

**१०. समितिको काम, कर्तव्य र अधिकारः**

१) नगरपालिका क्षेत्र भित्रको जलस्रोतको उपयोग, संरक्षण तथा व्यवस्थापन गर्न गठित जल उपयोग व्यवस्थापन समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

(क) नगरपालिका क्षेत्र भित्र रहेको नदी, खोला, पानीको मुहान, तालतलैया, पोखरीहरुको पहिचान तथा संरक्षण,

(ख) नगरपालिका क्षेत्र भित्रको सबै प्रकारको जलस्रोतलाई संरक्षण, संवर्द्धन, नियमन गर्ने र त्यसबाट हुने प्राकृतिक प्रकोप सम्बन्धी प्रतिवेदन नगरकार्यपालिकामा पेश गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र रहेका जलस्रोतमा आधारित उद्योग, व्यवसाय संचालनको अनुमति सिफारिस गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र संचालित जलस्रोतसँग सम्बन्धित उद्योग, कलकारखाना वा व्यवसाय सञ्चालन अनुमति प्राप्त गर्दा भएका सहमतिका शर्तहरु पालना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

(ङ) जलस्रोतको न्यायोचित उपयोग तथा वितरण भए नभएको अनुगमन गर्ने,

(च) जलश्रोतमा आधारित साना, मझौला तथा ठूला आयोजनाका प्रभावित स्थलका वासिन्दाहरुले आयोजनाबाट पाउनु पर्ने सेवा सुविधाहरु प्राप्तिमा सुनिश्चितता प्रदान गर्न आवश्यक पहल गर्ने,

(छ) एक मेगावाट भन्दा तलको जलविद्युत उत्पादनको अनुमति दिने र अनुमति खारेज गर्ने,

(ज) जलश्रोतमा आधारित ठूला परियोजनाहरुका लागि परियोजना अध्ययन, अनुसन्धान, निर्माण, सञ्चालन गर्नका लागि संघ र प्रदेशसँग समन्वय र सहकार्यका लागि आवश्यक समन्वय गर्ने ।

(झ) परियोजनाको प्रभावित क्षेत्रभित्र सम्बन्धित सरोकारवालासँग उत्पन्न हुने विवादहरुको समाधान गर्न आवश्यक पहल गर्ने,

(ट) जलस्रोत सर्वेक्षण तथा उपयोगको लागि प्राप्त निवेदन उपर छलफल गरी निर्णय गर्ने र आवश्यक सिफारिस गर्ने ।

(ठ) जलस्रोत उपभोक्ता समितिको दर्ता, नविकरण र खारेजी गर्ने ।

**११. समितिको बैठक र कार्य प्रकृया**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित सरोकारवाला वा विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सकिनेछ ।

(३) समितिको बैठक भत्ता तथा सुविधा विषयगत समिति सरह हुनेछ ।

(४) बैठक सञ्चालन विधि र प्रकृया समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सञ्चालन व्यवस्थापन एवं बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. उपभोक्ता संस्था सङ्गठित संस्था हुने :**

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

**१३. जलस्रोत उपयोगको प्राथमिकताक्रम** : (१) जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :-

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित पक्षले जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्ने र निर्णय गर्न सक्नेछ ।

**१४. अनुमतिपत्रको व्यवस्था** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय पक्षको अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई समिति समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम परेको दरखास्तमा कार्यालयको तर्फबाट आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिनभित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा एकसय वीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा १३ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुसूची -५ को ढाँचामा अनुमति दिनुपर्नेछ ।

(३) नयाँ गठन तथा दर्ता हुने जल उपभोक्ता समिति बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले संघीय कानुन अनुसार यस अगाडि नै दर्ता भएका उपभोक्ता समितिको हकमा ती समितिहरु स्वत दर्ता भएको मानी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र भीमेश्वर नगरकार्यपालिकाको कार्यालयमा संस्थासँग सम्बन्धित सम्पूर्ण कागजातको फोटोकपी सहित अनुमतीको लागि निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएपछि विवरण अद्यावधिक गरी कार्यालयको तर्फबाट अनुसूची -१ बमोजिम प्रमाण पत्र दिनु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्ति वा उपभोक्ता समितिले जलस्रोतको उपयोग वापत भीमेश्वर नगर सभाबाट तोकिए बमोजिमको दर्ता दस्तुर बुझाई दर्ता गर्ने र वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ । यस अगाडि नै दर्ता भई नविकरण नभएका उपभोक्ता संस्थाहरुलाई यो ऐन जारी भएको एक वर्षभित्र आवश्यक कागजात सहित नविकरण गराउन आएमा एक पटकको लागि बुझाउन बाँकी अवधिको शुल्क लिई नविकरण गराउने र एक वर्षको अवधि भित्र पनि नविकरण गर्न नआएमा त्यस्ता समिति पुनः दर्ता प्रकृयामा जानु पर्नेछ ।

**१५. जलविद्युतको लागि जलस्रोतको उपयोग :**

(१) जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युतको उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य कुराहरू यसै ऐन बमोजिम हुनेछन् ।

**१६. भीमेश्वर नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकारसँगको सहकार्यमा जलस्रोतको उपयोग वा विकास गर्न सक्ने :**

(१) नेपाल सरकार, प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले तीन तहको सरकारसँगको समन्वयमा कुनै जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि नेपाल सरकार, प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोगसित सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना वापत नेपाल सरकार, प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले सम्बन्धित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिनेछ ।

**१७. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :**

(१) नेपाल सरकार प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले दफा १६ को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता समितिलाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता समितिले गर्नेछ ।

**१८. जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने :**

१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्विकृती लिई भीमेश्वर नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरू बमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ ।

(३) भीमेश्वर नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ ।

**१९. सेवा रोक्न सकिने :** सेवा उपभोग गरे वापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा नियम विपरित रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**२०. जलस्रोतलाई प्रदूषित गर्न नहुने :**

(१) भीमेश्वर नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला,औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा २१ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

२१. **वातावरणमा प्रतिकूल असर पार्न नहुने** : जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ ।

२२. **अनुमतिपत्र खारेज गर्न सकिने** :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा जल उपयोग व्यवस्थापन समितिले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा जल उपयोग व्यवस्थापन समितिले अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

२३. **दण्ड सजाय** :

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरू पालन नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले रु ५०००।(पाँचहजार रूपैयाँ) सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना हुन सक्नेछ ।

२४. **पुनरावेदन** : जल उपयोग व्यवस्थापन समितिले गरेको निर्णयको विरुद्ध चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२५. **नियम बनाउने अधिकार** :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न भीमेश्वर नगरपालिकाले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकार सामान्यतया कुनै प्रतिकुल प्रभाव नपर्ने गरी भीमेश्वर नगरपालिकाले खास गरी देहायका विषयमा नियमहरू बनाउन सक्नेछ :-

(क) खानेपानी, सिंचाइ, औद्योगिक उपयोग, आमोद प्रमोदसम्बन्धी उपयोग र जलस्रोत लगायत अन्य उपयोग सम्बन्धी कुराहरू,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धी कुराहरू,

(ग) वातावरण संरक्षण सम्बन्धी कुराहरू,

(घ) जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत भीमेश्वर नगरपालिका लाई बुझाउनु पर्ने शुल्क, दस्तुर इत्यादिसँग सर्म्बन्धित कुराहरू,

(ङ) जलस्रोतको प्रदूषण रोक्ने सम्बन्धी विषयहरू,

(च) जलस्रोतका विभिन्न उपयोगका तरीकाहरू,

(छ) जलस्रोतको उपयोगबाट उत्पन्न सेवाको स्तर निर्धारण सम्बन्धी कुराहरू,

(ज) जलस्रोतको उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति सम्बन्धी विषयहरू,

(झ) उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरू,

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरू ।

२६. **खारेजी र बचाउः** : (१) यसअघि प्रचलित कानुनबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भएको मानिने छ ।

२) यो ऐन प्रचलित सङ्घीय र सम्बन्धित प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुने छ ।

अनुसुची -१

भीमेश्वर नगरपालिकाबाट जारी "जलस्रोत ऐन, २०७९" को दफा ५(२) सँग सम्वन्धित

# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश,

।

## उपभोक्ता समिति दर्ता प्रमाण - पत्र

मिति :

विक दर्ता नं : नगरपालिकामा

दर्ता नं :

श्री अध्यक्ष

.......................................

.......................................

............................................................(सम्वनिधत उपभोक्ता सममितको नाम ठेगाना)

"जलस्रोत ऐन, २०७९" को दफा ८(२) बमोजिम .........साल ........महिना ......गते बसेको जल उपयोग व्यवस्थापन समितिको निर्णय अनुसार ..........................................उपभेक्ता समिति दर्ता गरी यो प्रमाण प्रदान गरिएको छ। "जलस्रोत ऐन, २०७९" बमोजिम आफनो कार्य सञ्चालन गर्नु होला।

प्रमाण पत्र जारी गर्ने

सही :

नाम थर :

पद :

अनुसूची २
जलस्रोत ऐन २०७९ को दफा दफा ६ (१) ख सँग सम्बन्धित
...............उपभोक्ता समितिको विधान, २०८....

प्रमाणिकरण मिति :

**प्रस्तावना :**

**परिच्छेद १ प्रारम्भिक**

१. संक्षिप्त नाम, प्रारम्भ र समितिको कार्यालय

२. परिभाषा

३. संगठित संस्था हुने

**परिच्छेद २ संस्थाका गठन, उदेश्य तथा कार्यहरु**

४. संस्था गठन : संस्थाको गठन देहाय बमोजिम हुनेछ ।

.....................................................................................

.....................................................................................

.....

५. संस्थाका कार्यहरु : संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् ।

.....................................................................................

.....................................................................................

**परिच्छेद ३ सदस्यता**

६. संस्थाको सदस्यता

७. सदस्यको योग्यता

८. सदस्यता नरहने अवस्था

**परिच्छेद ४ उपभोक्ता समूह र उपभोक्ता समिति**

९. उपभोक्ता समूह

१०. उपभोक्ता समूहको साधारण सभा

११. उपभोक्ता समूहको साधारण सभाको काम कर्तव्य र अधिकार

१२. उपभोक्ता समूहको साधारण सभाको बैठकको अध्यक्षता

१३. उपभोक्ता समूहको साधारण सभाको छलफल र निर्णय

१४. जल उपभोक्ता समितिको गठन र कार्यकाल

१५. उपभोक्ता समितिको पदबाट हट्न सक्ने अवस्थाहरु

१६. उषभोक्ता समितिको बैठक

१७. गणपुरक संख्या

१८. निर्णय प्रकृया

१९. उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

२०. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

२१. कर्मचारी नियुक्ति

२२. उपसमितिहरुको व्यवस्था

२३. उपसमितिहरुको काम कर्तव्य र अधिकार

२४. उपसमितिका संयोजकहरुको काम, कर्तव्य र अधिकार

२५. उपसमितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार

**परिच्छेद ५ आर्थिक स्रोत सम्बन्धी व्यवस्था**

२६. आर्थिक स्रोत

२७. चल अचल सम्पतिको व्यवसथा

२८. कोष व्यवस्था

२९. श्रम सीप, पुँजी र सामाग्री व्यवस्थापन प्रकृया

३०. लेखा परीक्षण सम्बन्धी व्यवस्था

## परिच्छेद ६ निर्वाचन सम्बन्धी व्यवस्था

३१. निर्वाचन सम्बन्धी व्यवस्था

३२. उमेद्वारको अयोग्यता

३३. अविश्वासको प्रस्ताव

३४. उपसमिति निलम्बन वा खारेजी

३५. रिक्त स्थानको पूर्ति

## परिच्छेद ७ विविध

३६. विधान संशोधन

३७. नियम बनाउने

३८. संथाको प्रगती प्रतिवेदन र अन्य

३९. संस्थाको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरु

४०. विधानमा उल्लेखित कुराहरु बाझेमा बदर हुने

४१. दण्ड जरिवाना सम्बन्धी व्यवस्था

४२. खर्च फरफारक गर्ने

४३. आयोजना सेवा सञ्चालन व्यवस्था

४४. आयोजनाको मर्मत सम्भार सम्बन्धी व्यवस्था

४५. संस्था विघटन

४६. बचाउ

४७. विविध

अनुसुची-३

"जलस्रोत ऐन, २०७९" को दफा ६(१)ग सँग सर्म्बान्धित

मिति :

निवेदन -पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भीमेश्वर नगरकार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

महोदय,
हामीले जलश्रोत उपभोक्ता समिति गठन गरी दर्ता गर्न चाहेकाले भीमेश्वर नगरपालिकाबाट जारी जलस्रोत ऐन २०७९ बमोजिम जलश्रोत उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको विधान २ प्रति, अन्य आवश्यक कागजपत्र र...... रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१उपभोक्ता समितिको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु :

क)

ख)

ग)

......

४. जल उपभोक्ता समितिका सदस्यको विवरण

| क्र सं | नाम थर | ठेगाना | सम्पर्क नं | पेशा | ना प्र प नं | जारी जिल्ला |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४ | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |

५. उपयोग गरिने जलश्रोतको विवरण :

क) जलश्रोतको नाम र सो रहेको ठाउँ :

ख) जलश्रोत बाट गरिने प्रयोग :

ग) उपभोक्ता समितिले गर्न चाहेको जलश्रोतको परिमाण :

घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोग :

६. उपभोक्ता समितिले पुचाउन चाहेको सेवा सम्बन्धि विवरण :

क) सेवाको किसिम :
ख) सेवा पुचाउने क्षेत्र :
ग) सेवावाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
घ) भविष्यमा सेवा निरन्तर गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :
(क)
(ख)
८. कार्यालयको ठेगाना :
निवेदक :
सही :
नाम :
पद :

अनुसुची-४

# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल ।

मिति :

चलानी नं. :

सूचना ! सूचना !! सूचना !!!

दोलखा जिल्ला भीमेश्वर नगरपालिकाका अन्तर्गत देहायको जल उपभोक्ता समिति दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले भीमेश्वर नगरपालकाबाट जारी जलस्रोत ऐन, २०७९को दफा ७ मा भएको व्यवस्था बमोजिम जल उपभोक्ता समिति दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त सम्बन्धमा कुनै दावी विरोध भए आजका मितिले ३५ दिन भित्र यस कार्यालयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

| क सं | आयोजना उपभोक्ता समितिको नाम | ठेगाना | मुहानको नाम |
|---|---|---|---|
| | | | |
| | | | |

सूचना जारी गर्ने अधिकारी

दस्तखत :

नाम,थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

अनुसुची -५

भीमेश्वर नगरपालिकाबाट जारी "जलस्रोत ऐन, २०७९" को दफा १४(२) सँग सम्वन्धित

# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, ने
।

## जलस्रोत उपयोग अनुमती -पत्र

मिति :

श्री अध्यक्ष / प्रमुख

......................................

तपाइलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली जलस्रोत ऐन २०७९ को दफा १४(२) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।

१ व्यक्ति वा संस्थाको नाम / ठेगानाः-

२ जलस्रोत उपयोगको उद्देश्यः-

३ जलस्रोतको नाम, किसिम र रहेको स्थानः

४ उपयोग गर्न पाउने जलस्रोतको परिमाणः

५ जलश्रोत उपयोगको क्षेत्रः

६ जलस्रोत उपयोग गर्ने तरिकाः

७ प्रस्तावित परियोजना बाट लाभान्वित हुने उपभोक्ताहरूको-संख्याः

८. अनुमति पत्र वहाल रहने अवधिः-

अनुमति पत्र दिने अधिकारीको -

सही :

नाम थर :

पद :

आज्ञाले,

शिशिर पोडेल

प्रमुख प्रशासकीय अधिकृत